# लैङ्गिक समानत तथा सामाजिक समावेशीकरण परिक्षण प्रतिवेदन २०८१

# (GESI Audit Report)

## चुरे गाउँपालिका
## घरखेडा, कैलाली
## सुदूर पश्चिम प्रदेश

लैङ्गिक समानत तथा सामाजिक समावेशीकरण परिक्षण कार्यको सहजीकरण तथा प्रतिवेदन तयार गर्ने : SUCCESS Management and Research Team Pvt. Ltd., Dhangadhi, Kailali

## बिषय-सुची


१. पृष्ठभूमि ........ २

२. परिक्षणको महत्व ........ २

३. लैङिगक समानता तथा सामाजिक समावेशीकरण परिक्षणको उद्देश्यहरुः ........ २

४. लैङिगक समानता तथा सामाजिक समावेशीकरण परिक्षणले समेटने क्षेत्रहरु ........ ३

५. लैङिगक समानता तथा सामाजिक समावेशीकरण परिक्षणको विधि र औजारहरु ........ ३

६. लैङिगक समानता तथा सामाजिक समावेशीकरण परिक्षण विधिवाट देखिएको अवस्था ........ ४

६.१ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सबल तथा सुधार गर्नुपर्ने ........ ४

६.२ मुख्य सूचकहरुको अवस्था र प्राप्त अंक ........ ४

६.३. माकुरी जालो (Spider Net) ........ ७

७. लैङिगक समानता तथा सामाजिक समावेशीकरण कार्ययोजना ........ ८

८. निष्कर्ष ........ ९

९. सुझाब ........ १०

१०. अनुसूचीहरुः ........ १०

अनुसूची १: लैङिगक समानता तथा सामाजिक समावेशीकरण परिषणका सुचकहरु र प्राप्तांक ........ १०


## ग्राफहरुको सुची:


ग्राफ- 1: मुख्य सूचक-१, नीति, कानुन तथा योजना ........ ५

ग्राफ- 2: मुख्य सूचक २: संस्थागत ब्यबस्था ........ ५

ग्राफ- 3: मुख्य सूचक ३: मानव संशाधन तथा क्षमता विकास ........ ६

ग्राफ- 4: मुख्य सूचक ४: सेवा प्रवाह ........ ६

ग्राफ- 5: मुख्य सूचक ५: सुशासन तथा उत्तरदायित्व ........ ७

ग्राफ- 6: माकुरे जालो विश्लेषण ........ ७

## १. पृष्ठभूमि

नेपालको संविधानको प्रस्तावनामा लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था उल्लेख भएको छ । संविधानको धारा ३८ ले महिलालाई समान वंशिय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार राज्यका सबै तहमा सहभागी हुने अधिकार, सम्पत्ति तथा पारिवारिक मामिला सम्बन्धी अधिरार, शिक्षा स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ । संविधानले महिला विरुद्ध हुने सबै प्रकारका हिंसाजन्य कार्यहरुलार्य कानुन बमोजिम दयडनिय हुने व्यवस्था गरेको छ । संविधानको धारा १८ को समानताको हकमा सबै नागरिक कानुनको दृष्टिमा समान हुने तथा कसैलाइ पनि कानुनको समान संरक्षणबाट बञ्चित नगरिने तथा सामान्य कानुनको प्रयोगमा उत्पत्ति धर्म, वा जातजाती, लिङ्ग, शारीरिक अवस्था, अपाङगता, स्वास्थ्य स्थिति, बैवाहिक स्थिति, गर्भा अवस्था, आर्थिक अवस्था, भाष वा क्षेत्र, वैचारिक आस्था वा अन्य यस्तै कुनै आधारमा भेदभाव नगर्ने उल्लेख छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धी देहायका प्रावधानहरुको व्यवस्था गरेको छ ।

क. नगरपालिकाको काम, कर्तव्य र अधिकारमा लैससास सम्बन्धी व्यवस्था

ख. वडा समितिको काम, कर्तव्य र अधिकार अन्र्तगत वडामा आर्थिक तथा सामाजिक रुपमा पछाडी परेका महिला, बालबालिका, दलित अपाङगता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसङख्यक, सीमान्तकृत समुदायको अधिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी कार्य गर्ने, विभिन्न समुदाय बीच सामाजिक सदभाव तथा सौहार्दता कायम गर्ने, बालविवाह, बहुविवाह, लैङ्कि हिंसा, छुवाछुत, दहेज तथा दाईजो हलिया प्रथा, छाउपडि, कमलरी प्रथा, बालश्रम, मानव बेचबिखन जस्ता समाजिक कुरिती र अन्धविशवासको अन्त्य गर्ने गराउने व्यवस्था गरेको छ ।

ग. स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन गर्दा महिला तथा पिछडिएको वर्गको सहभागितामा जोड, योजना छनौटमा महिला, बालबालिका तथा पिछडिएको वर्ग क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रममा जोड दिदै लैससास प्रर्वधन गर्ने व्यवस्था गरेको छ ।

## २. परिक्षणको महत्व

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अध्ययनको महत्व देहाय प्रकारको रहेको छः

क. संविधानद्धारा प्रदत हकहरुको कार्यान्वियन गर्न तथा समानुपातिक समावेशिताका आधारमा राज्य संरचनाका सबै अंगहरुमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मजदुर, किसान, अपाङगता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउन सैवैधानिक व्यवस्था गरिएको परिप्रेक्ष्यमा सामाजिक विविधता बीचको असमानता, सामाजिक बञ्चितिकरणका कारण सामाजिक कसुहको विकास सुचकहरुमा भएको कमजोर अवस्था र सामाजिक, आर्थिक तथाप्रशासनिक क्षेत्रमा रहेको पहुँचको युत्त अन्तरलाई पहिचान गर्न ।

ख. स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको व्यवस्था अनुसार स्थानीय तहमा लैससासको विद्यमान अवस्थाको जानकारीका साथै तहगत तथा मुलुकको समग्र समस्या र चुनौतीहरुको पहिचान गर्न एवम यस क्षेत्रका योजना तथा कार्यक्रमहरुको दक्षता र प्रभावकारीताको खाजोखा तथा मुल्याङकन गरी नीति गत पृष्ठ पोषण लिन ।

## ३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणको उद्देश्यहरुः

क. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण मार्फत स्थानीय सरकारको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला, सीमान्तकृत समुहहरुलाई समावेश गरी, लैङ्गिक समानता र सबै जात, जातीको

अर्थपूण सहभागिता गराई लैङ्गिक अन्तरहरुको प्रभावलाई सम्बोधन गर्दै लैङ्गिक मूलप्रवाहिकरण र सशक्तिकरण गर्दै लैजाने ।

ख. महिला र सीमान्तकृत समुहहरुलार्य समावेश गरीउनीहरुको योजनाबद्ध रुपमा व्यक्तिगत र मामूहिक क्षमता अभिबृद्धि गरी स्थानीय तहको विकास प्रक्रियामा निर्णयक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने ।

ग. स्थानीय सरकारको सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूलयाङकन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने ।

घ. लैससास परिक्षणको नतिजाको आधारमा समस्या तथा चुनैतिहरुको पहिचान गरी समयमै समाधान गर्ने तथा भावी योजना तथा कार्यक्रमका लागि नीतिगत पृष्ठपोषण लिने ।

## ४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणले समेटने क्षेत्रहरु

लैससास परिक्षणले समेटने क्षेत्रहरु देहाय बमोजिम रहेका छनः

क. नीति, कानुन र योजना
ख. संस्थागत व्यवस्था
ग. मानव संसाधन तथा क्षमता विकास
घ. सेवा प्रवाह
ङ. सुशासन तथा उत्तरदायित्व

## ५. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणको विधि र औजारहरु

१. **दस्तावेज समिक्षाः** लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यदलले गाउँपालिकाको दस्तावेजहरु ( जस्तैः ऐन, कानुन, नीति, कार्यविधि, वार्षिक योजना, आवधिक योजना, वार्षिक प्रतिवेदन, आर्थिक प्रतिवेदन, चौमासिक/वार्षिक समिक्षाको प्रतिवेदन, गाउँपालिकाको प्रोफाइल, विभिन्न समयमा भएका निर्णयहरु) आदिको लैससासको दृष्टिकोणबाट विश्लेषण र पुनरावलोकन गर्ने कार्य सम्पन गरियो ।

२. **लक्षित समुहका व्यक्तिहरु तथा सुचनाकार व्यक्तिहरुसँग अन्त्रतवार्ता तथा छलफलः** गाउँपालिकासँग सरोकार राख्ने समुहहरुसँग सम्बन्धित सवालहरुमा थप जानकारी लिनको लागि सामाजिक समावेशीकरणको हिसाबले वञ्चितिकरणमा परेका समुहकरुको प्रतिनिधिहरु र उपभोक्ता समुह गरी लक्षित समुहसँग अन्तरवार्ता तथा समुह छलफल कार्य सम्पन गरियो ।

३. **सुचकहरुको लेखाजोखाः** सरोकारवाला संग बिभिन्न विषयबस्तुमा केन्द्रित भै सुचक तथा उपसुचक अनुसार अंकभार विश्लेषणका लागि नीतिगत व्यवस्था, संरचना, योजना तर्जुमा देखी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, अभ्यास र प्रभाव सम्मको अवस्थालाई विश्लेषण गरी गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी र सरोकारवालाहरु संग छलफल गरी उक्त सुचक र सुचक तथा उपसुचकमा अंक दिने काम सम्पन गरियो। लैससास सुचक तथा उपसुचकहरुमा राम्रो देखिएमा १, मध्ययम देखिएमा ०.५ र सुधार गर्नु पर्ने देखिएमा वा नभएमा ० अंक दिने आधार बनाई गाउँपालिकाको अवस्था बिश्लेषण गर्ने र विभिन्न विषयगत क्षेत्रहरु र सुचकहरुमा प्राप्त अंकहरुलाइ माकुरी जालो विधिको प्रयोग गरी प्राप्त भएका निष्कर्ष तथा सुझावहरु मध्य राम्रा पक्षहरुलाई निरन्तरता दिने र कमजोर पक्षहरुलार्य सुधार गर्दै आगामी दिनहरुमा गाउँपालिकालई लैससासमैत्री रुपमा स्थापित गर्ने कार्ययोजना तयार पर्ने कार्य सम्पन भयो ।

# ६. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण विधिवाट देखिएको अवस्था

## ६.१ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सबल तथा सुधार गर्नुपर्ने

चुरे गाउँपालिकाको लैससास परिक्षण गर्दा कतीपय सवल पक्ष देखिएका छन् भने केही सुधारका पक्षहरु समेत रहेका छन्, उक्त सवल र सुधारका पक्षहरु तल तालिकामा उल्लेख गरिएको छ.

| मुख्य शीर्षक | सवल पक्ष | सुधार गर्नु पर्ने पक्ष |
|---|---|---|
| नीति कानुन तथा योजना | • नीति तथा कानुन निर्माणमा समावेशीता र सहभागिता | • योजना तर्जुमा तथा बजेट तर्जुमा र कार्यान्वयनमा लैससास वर्गको अर्थपूर्ण सहभागीता |
| संस्थागत व्यवस्था | • तथ्याङ्क संकलन तथा व्यवस्थापनको सुरुवात<br>• शाखा तथा यसको जिम्मेवार व्यक्तिहरु हुनु | • कर्मचारी पदाधिकारीमा प्रतिनिधित्व<br>• समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व<br>• वित्त व्यवस्थापन प्रणलीमा समावेशीता<br>• कार्यप्रणलीमा समावेशीता |
| मानव संशाधन तथा क्षमता विकास | • न्यायिक समितिले सकृयता पूर्वक काम गर्नु<br>• विपद व्यवस्थापनमा समावेशी सहभागिता | • मानव संशाधन तथा क्षमता विकास<br>• अनौपचारिक मुल्य मान्यता र कुसस्कारविरुद्ध जनचेतना<br>• कानुनी साक्षरता कार्यक्रम |
| सेवा प्रवाह | • प्रजनन स्वास्थ्य, खानेपानी तथा सरसफाईमा उललेखनिय कार्यका साथै सुत्केरी सहयोग र परामर्शको व्यवस्था<br>• आधारभुत तहको विद्यालयमा दिवा खाजाको व्यवस्था | • स्वारेजगार तथा आय आर्जन र बजार व्यवस्थापन<br>• पूर्वाधार विकासमा लैससासको दृष्टिकोणबाट नहुनु |
| सुशासन तथा उत्तरदायीत्व | • सुशासन, उत्तरदायित्व र जवाफदेहिताको लागि सुरुवात | • अनुगमन तथा मूल्याङ्कन<br>• सुचना तथा संचार |


## ६.२ मुख्य सूचकहरुको अवस्था र प्राप्त अंक

चुरे गाउँपालिकाको लैससासको अवस्था सम्बन्धमा लैससास परिक्षणबाट प्राप्त भए अनुसार यस पालिकामा लैससास विश्लेषणमा आधारित सवै सूचकहरुमा सुधार गर्नको लागि आवश्यक कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्न आवश्यक देखिन्छ । समग्रमा अध्ययन गर्दा संस्थागत व्यवस्था र सेवा प्रवाहमा नेपाल सरकारका लैससास विकासका नीति र प्रतिवद्धताको अवस्था तुलनात्मक रुपमा सन्तोषजनक देखिए तापनि लैससास नीति कानुन तथा योजना तर्जुमा र सुशासन तथा उत्तरदायित्वमा केहि सुधार गर्नु पर्ने साथै मानव संशाधन तथा क्षमता विकासमा सबैभन्दा बढी सुधारका प्रयास गर्नु पर्ने अवस्था रहेको छ । लैससास परिक्षणबाट चुरे गाउँपालिकाले लैससास सम्बन्धी सुचकहरुमा प्राप्त गरेको अंक यस प्रकार छः


| सुचक नं. | मुख्य सुचकहरु | सुचकको अंक | प्राप्तांक | समग्र नतिजा |
|---|---|---|---|---|
| १ | नीति कानुन तथा योजना | २० | १०.० | कमजोर |
| २ | संस्थागत व्यवस्था | २० | ११.० | सन्तोषजनक |
| ३ | मानव संशाधन तथा क्षमता विकास | २० | ११.५ | सन्तोषजनक |

| | | | | |
|---|---|---|---|---|
| ४ | सेवा प्रवाह | २० | १३.५ | सन्तोषजनक |
| ५ | सुशासन तथा उत्तरदायीत्व | २० | १५.० | राम्रो |
| | **जम्मा** | **१००** | **६१** | **सन्तोषजनक** |


लैङ्गिक समानतन तथा सामाजिक समावेशीकरण परिक्षणमा पाँचवटा विष्यबस्तुले प्राप्त गरेको अंकभारलाई विषयगत आधारमा Bar Chart मा तल प्रस्तुत गरिएको छः





**ग्राफ- 1: मुख्य सूचक-१, नीति, कानुन तथा योजना**





**ग्राफ- 2: मुख्य सूचक २: संस्थागत ब्यबस्था**




ग्राफ- 3: मुख्य सूचक ३: मानव संशाधन तथा क्षमता विकास





ग्राफ- 4: मुख्य सूचक ४: सेवा प्रवाह




ग्राफ- 5: मुख्य सूचक ५: सुशासन तथा उत्तरदायित्व

## ६.३. माकुरी जालो (SPIDER NET)

चुरे गाउँपालिकाले लैससास सम्बन्धी सूचांकको अभ्या॰समा प्राप्त गरेको अङ्कलाई यहाँ सारांशमा माकुरी जालोमा प्रस्तुत गरिएको छ ।




ग्राफ- 6: माकुरे जालो विश्लेपण

# ७. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्ययोजना

| मूल शीर्षक | | अवस्था सुधारका लागि आवश्यक क्रियाकलाप | क्रियाकलाप संचालन गर्ने जिम्मेवारी | | | समयावधि | थप आर्थिक दायित्व पर्ने/नपर्ने | |
|---|---|---|---|---|---|---|---|---|
| पूर्णअङ्क | प्राप्तांक | | पहल कर्ता | निर्णयकर्ता | कार्यन्वयनकर्ता | | पर्ने (स्रोत) | नपर्ने |
| नीति कानुन तथा योजना (२०) | ११ | १. कानुन निर्माणलाई अपेक्षित समावेशीकरण बनाउने<br>२. योजना तर्जुमामा अत्याधिक मात्रामा लक्षित वर्गलाई सहभागी गराउने<br>३. तोकिएको रकम सम्बन्धीत शिर्षकमा समयमा नै खर्च गर्ने वातावरण बनाउने | महिला विकास शाखा | कार्यपालिका | प्रमुख प्रशासकिय अधिकृत/ महिला विकास शाखा | आ.ब ८१/८२ | | √ |
| संस्थागत व्यवस्था (२०) | ११.५ | १. खण्डीकृत तथ्यांक विश्लेषण र आवश्यकताको आधारमा योजना निर्माण गर्ने<br>२. आवधिक तथा क्षेत्रगत योजना र लैससास नीति अनुरुप वार्षिक नीति तथा कार्यक्रम तयार गर्ने<br>३. बजेट निर्माण गर्दा लैगिंक उत्तरदायि बजेट बनाउने र लक्षित बर्गलाई सम्बोधन गर्न बजेट बनाउने | महिला विकास शाखा | कार्यपालिका | कार्यपालिका / प्रमुख प्रशासकिय अधिकृत | आ.ब ८१/८२ | √ | |
| मानव संशाधन तथा क्षमता विकास (२०) | १२ | १. लैससास सम्बन्धी क्षमता विकास कार्ययोजना तयार गरी छुट्टा छुट्टै शिर्षकमा बजेट विनियोजन गरि कार्यान्वयन गर्ने ।<br>२. लैङ्गिक तथा सामाजिक रुपमा बहिस्करणमा परेका व्यक्ति र समुहहरुको विकासको लागि छुटटै कोष तथा बजेट व्यवस्था गर्ने । ( जस्तै बाल विकास कोष, अपाङगता विकास कोष, छात्रवृति कोष, दलित उत्थान विकास कोष आदी ) उनीहरुको सक्रियतामा आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गर्ने ।<br>३. बाल हेल्पलाईन १०९८, बालबालिका खोजतलास केन्द्र १०४, महिला विरुद्ध हुने हिंसा विरुद्ध उजुरी गर्ने महिला आयोगको टोल फ्रि नं ११४५, घरेलु हिंसा विरुद्ध जानकारी समुदायमा प्रभावकारी | महिला विकास शाखा | कार्यपालिका | प्रशासन तथा सबै शाखा | आ.ब ८१/८२ | √ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ढंगबाट सूचना प्रवाह गर्न स्थानीय संयन्त्र खडा गर्ने<br>४. गाउँपालिकामा भएका गतिविधिहरुको स्वमूल्यांकन गरी सुधारका लागि कार्ययोजना बनाउने ।<br>५. लैससास सम्बन्धी हाल गरिरहेका कार्यक्रमलाई पनि व्यवस्थित गर्दै निरन्तरता दिने । | | | | | | |
| सेवा प्रवाह (२०) | १४ | १. लैङिगक तथा सामाजिक रुपमा बहिस्करण तथा जोखिममा परेका व्यक्ति र समुदायको नक्सांकन तथा वार्षिक रुपमा अध्यावधिक गर्ने ।<br>२. बालबालिका ज्येष्ठ नागरिक, महिला र अपांगमैत्री भौतिक संरचना ( सार्वजनिक स्थल) निर्माण गर्न को लागि गाउँपालिकाले नीतिगत व्यवस्था गर्ने तथा सेवाग्राहीहरु प्रतिक्षारत रहँदा बस्ने ठाउँको उचित व्यवस्थापन जस्तैः पिउने पानी, महलापुरुष शौचालय, प्रतिक्षालयको व्यवस्था गर्ने ।<br>३. बालीका तथा वञ्चितिकरणमा परेका समुदायलाई शैक्षिक सहयोग नीति लिने ।<br>४. स्वरोजगार कार्यक्रमलाई बजेट थप गर्दै थप प्रभावकारी बनाउने । | महिला विकास शाखा | कार्यपालिका | प्रशासन तथा सबै शाखा | आ.ब ८१/८२ | √ | |
| सुशासन तथा उत्तरदायीत्व (२०) | १५ | १. स्थानीय तहले सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण, लैससास परिक्षण, नागरिक वडापत्र जस्ता सामाजिक जवाफदेहीताका औजारहरुको कार्यान्वयनको लागि कार्यविधि बनाई कार्यान्वयन गर्ने ।<br>२. चौमासिक रुपमा सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परिक्षण र लैससास परिक्षण गर्ने । | सूचना तथा प्रविधि शाखा | कार्यपालिका | गाउँपालिका | आ.ब ८१/८२ | | √ |

## ८. निष्कर्ष

चुरे गाउँपालिकाले गर्ने सम्पूर्ण विकास योजना तथा कार्यक्रमलाई लैससास उत्तरदायी र दिगो बनाउन आर्थिक श्रोत सुनिश्चिता, उपलब्धिको समतामूलक वितरण र उपयोगी बनाउने उधेश्य राखी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण गरिएको थियो. यस परिक्षण मार्फत पालिकाको संस्थागत संरचना र प्रणाली लैङ्गिक तथा

समावेशी शासन मैत्री बनाउन र संस्थाको लैङ्गिक अन्तरहरुको प्रभावलाई सम्बोधन गर्दै लैङ्गिक मूलप्रबाहिकरण र सशक्तीकरण गर्दै लैजान सहयोग पुग्ने कुरामा सहभागीहरुले जानकारी गराएको थियो .

लैससास परिक्षणका लागि तयार गरिएको कार्यविधिका आधारमा गाउँपालिकाको कार्यदलको सहजिकरण र सहयोगमा यो लैससास परिक्षण सम्पन्न भएमो हो । लैससास परिक्षणबाट प्राप्त अंक मापनका आधारमा कार्ययोजनाको समेत तयारी भएको छ लैससास परिक्षणका क्रममा लैससास सम्बन्धी अवधारणागत बुझाईको समेत विकास भएको छ । सहभागितात्मक विधि र प्रक्रियाका आधारमा गरिएको यस परिक्षणले सबै सरोकारवालाहरुको सिफरिस तथा कार्ययोजनाको कार्यान्वयनमा समन्वय तथा सहकार्यको विकास हुनेछ । यसको साथै गाउँपालिकामा पहिलो पटक लैससास परिक्षण भएको हुँदा यसको महत्व तथा अवधारणाको वारेमा गाउँपालिकाले गहन तहबाट बुझ्ने अवसर प्राप्त गरेको छ । लैससासमा गाउँपालिकाको स्वलेखाजोखा अंकभार र सुचकहरु मार्फत महशुसिकरण गर्न मद्धत पुगेको छ । लैङिगक समानता तथा सामाजिक समावेशीकरणमा वार्षिक कार्ययोजना बनाई आगामी वषएको वार्षिक नीति तथा कार्यक्रममा समावेश गर्ने गरी तयार पारिएको छ ।

## ९. सुझाब

चुरे गाउँपालिकाको लैङिगक समानता तथा सामाजिक समावेशीकरण परिक्षणमा आएको अंकभार, सवल र सुधार गर्नुपर्ने पक्षहरु लाई विस्तृत रुपमा अध्ययन गर्दा लैससास पूर्ण रुपमा कार्यान्वयनमा पुरयाउनको लागि देहाय बमोजिमका सुझावहरु रहेका छन्:

क. नेपालको संविधानको धारा १८ र धारा ३८ तथा स्थानीय सरकार संचालन ऐन २०७४ ले अंगिकार गरेका उद्देश्य प्राप्तीका लागि नीति, कानुन र योजना तयार गर्दाको समयमा नै लक्षित वर्गको सहभागिता बढाउनु पर्ने ।

ख. संविधानमा समावेश भए बमोजिम लक्षित वर्गले गरे बमोजिमको कार्ययोजना र बजेटको तर्जुमा गर्नु पर्ने ।

ग. लैङिगक तथा सामाजिक अवस्थाहरुको तथ्यांक संकलन, व्यवस्थापन, अभिलेखिकरण तथा अद्यावधिकरणलाई संस्थागत गर्नुपर्ने ।

घ. सामाजिक कुसस्कार र कुरिति विरुद्ध जनचेतना कार्यक्रम संचालन गर्नुपर्ने ।

ङ. विपद व्यवस्थापनमा समान सहभागिता गराउनु पर्ने ।

च. गाउँपालिका बासीको माग अनुसार गाउँपालिकाले स्वरोजगार तथा आय आर्जन र कृषि उत्पादनको बजार व्यवस्थापनको कार्यमा जोड दिनुपर्ने ।

छ. वर्षको एक पटक लैङिगक समानता तथा सामाजिक समावेशीकरण परिक्षण गुर्नपर्ने ।

ज. जनप्रतिनिधि जनता प्रति अझ बढि उत्तरदायि बनाउन सुचना प्रणालीलाई चुस्त दुरुस्त बनाउनु पर्ने ।

झ. लैससास विकासको लागि प्रत्येक वर्ष सभाबाट बजेट विनियोजित गरी योजना तर्जुमा तथा कार्यान्वयन गर्न आवश्यक छ ।

ञ. आगामी वर्षको लैससास परिक्षण गर्दा यस वर्ष बनाइएको कार्ययोजनाको समिक्ष गरी कारण बस सम्पन्न गर्न नसकिएको कार्यक्रमलाई अर्को वर्ष निरन्तरता दिनुपर्ने ।

ट. लैससास परिक्षणबाट आएका नतिजा र यसको महत्वको बारेमा कर्मचारी तथा जनप्रतिनिधिहरुलाई लैससास सम्बन्धी अभिमुखिकरण गर्नुपर्ने ।

ठ. लैससास परिक्षण कार्ययोजना कार्यान्वयनको नियमित अनुगमन गर्ने र अनुगमनका लागि व्यक्ति र सम्बन्धित शाखा वा समितिलाई जिम्मेवारी तोक्नु पर्ने ।

## १०. अनुसूचीहरुः

**अनुसूची १: लैङिगक समानता तथा सामाजिक समावेशीकरण परिषणका सुचकहरु र प्राप्तांक**